खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

KIAN

# हेल्लो खावासाकी

**जापानी, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

********************************************************************************

## २०२३ इन्टरनेसनल फेस्टिवल इन खावासाकी

हामी यस अन्तर्राष्ट्रिय उत्सवलाई ४ बर्षपछि आयोजन गर्दैछौं। विभिन्न देशको संस्कृति अनुभव, स्थानीय समूहको कार्यक्रम प्रस्तुति, बालबालिकाको खेलकुद कोर्नर आदि, बालबालिकाबाट वयस्क सम्म सबैले रमाइलो गर्न सक्छन्।कृपया आफ्नो परिवार वा मित्रहरुसंग सहभागिता जनाउनु होला।

**मिति** : २०२३ साल जुलाई ९ (आइत) १०:०० –१६:३०



**स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

**विषयवस्तु** : ・विश्वको खानाको किचन कार

・विभिन्न देशका हस्तकला, अक्सेसरी आदिको बिक्री

・विदेशी नागरिकहरुद्वारा नृत्य, संगीत र जापानी नृत्य, ताइको आदि

・युकाता लगाउने अनुभव, फ्लावर अरेन्जमेन्टको अनुभव, सादोउको अनुभव, फुटमेज, बिभिन्न मार्केट आदि

・दैनिक जीवन सम्बन्धी सल्लाह, जापान बसोबासको स्थिति सल्लाह आदिको लागि सल्लाह कर्नर पनि छ।

**आयोजक** : अन्तर्राष्ट्रिय उत्सव कार्यक्रम समिति
खावासाकी अन्तर्राष्ट्रिय सार्वजनिक संघ समिति , खावासाकी अन्तर्राष्ट्रिय संघ

********************************************************************************

## विदेशीहरुका लागि खावासाकी शहरमा जीवन आरम्भ गर्नु अघिको जीवन ओरिएन्टेसन

### ～दैनिक जीवनको लागि उपयोगी आधारभूत कुराहरु जानकारी दिलाउछौँ～

**मिति** : २०२३ साल जुलाई ९ (आइत)

**स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र १ तल्लाको प्रदर्शनी लबी
(अन्तर्राष्ट्रिय उत्सव भित्र)

पेन्सन र कर कस्तो हुन्छ?



**रिज़र्भेसन** : चाहिंदैन

**सहभागिता शुल्क** : (नि:शुल्क)
(अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, पोर्तुगाली, स्पेनिश, तागालोग, थाई, नेपाली, भियतनामी, इन्डोनेसियाली भाषाको अनुवादक हुनेछ।)

**सम्पर्क गर्नेः** खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

**फोन नं** : 044-435-7000 044-455-8811

**ई-मेल** : soudan39@kian.or.jp

फोहोर कसरी फाल्ने ?

बिरामी भएमा के गर्ने ?

आगलागी भएमा या भुकम्प आएमा के गर्ने ?







# गर्मी बिदामा बच्चाहरूको विदेशी भाषाको कक्षा



मिति : २०२३ साल जुलाई २५ (मंगल), २६ (बुध), २७ (बिहि)

विद्यार्थी लिने संख्या: एउटा कक्षाको लागि १५ जना (धेरै जनाको बाट निवेदन आएको खण्डमा लटरी बाट छानिनेछ।)

कक्षा शुल्क: ३,३०० येन(पाठ्यक्रमको शुल्क छुट्टै लाग्दैन) स्थान: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

निवेदन दिने तरिका:खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेजमा भएको फर्म बाट तलको कुराहरु भर्नु होला।

१. निवेदन दिने कक्षा २. बच्चाको नाम･फुरिगाना र अंग्रेजीमा ३. उमेर ४.अभिभावकको नाम

५. ठेगाना ६. दिउँसोको समयमा सम्पर्क गर्न मिल्ने अभिभावकको फोन नं ७. अभिभावकको इमेल ठेगाना

म्याद: २०२३ साल जून ३० तारिक (शुक्र)सम्म

| कक्षा | समय | लछित उमेर | शिक्षक |
|---|---|---|---|
| बाल अंग्रेजी कक्षा A | १३:०० – १४:०० | कक्षा १ र २ का विद्यार्थी | फुजीकुरा एरुदाबेआतोरिसु (अर्जेन्टिना बाटको शिक्षक) |
| बाल अंग्रेजी कक्षा B | १४:३० – १५:३० | कक्षा ३ र ४ का विद्यार्थी | |
| बाल स्पेनिश कक्षा | १०:३० – ११:३० | कक्षा १ देखि ५ का विद्यार्थी | इचिखावा ज्योबांनी (पेरु बाटको शिक्षक) |

****************************************************************************************

# साइकल सुरक्षित तरिकाले चढ्नको लागि ५ नियमहरू

साइकल कानुनी रूपमा मोटर–कार जस्तै हो।

साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने नियमहरू मध्ये, महत्त्वपूर्ण "५ नियमहरू" को बारे जानकारी दिनेछौं।

① सामान्यतया पैदल यात्रीहरूलाई प्राथमिकता दिँदै, फुटपाथ बाहेक सडकको बायाँ तर्फ गुडाउनुहोस्।

② चौबाटो या मोडमा ट्राफिक संकेतहरूको पालना गर्नुहोस् र सुरक्षामा ध्यान दिनुहोस्।

③ बेलुकीको समयमा साइकलको बत्ती बाल्नुहोस्।

④ मादक पदार्थ सेवन गरी साइकल चलाउन निषेध गरिएको छ।

⑤ अप्रील १ बाट अनिवार्य हेल्मेट लगाउनु पर्ने गरिएको छ।



यी बाहेक अरु पनि धेरै अन्य ट्राफिक नियमहरू पालना गर्न आवश्यक छ।

साइकल「मोटर–कार जस्तै हो」हो भनी बुझ्नुहोस्, ट्राफिक नियम र शिष्टाचारको पालना गर्नुहोस्, र आफुलाई दुर्घटनाको पीडित र दोषी हुनुबाट जोगाउनुहोस्।सदैव सुरक्षित तरिकाले साइकल गुडाउने गरौं।

****************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्न भएमा अथवा तपाईलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)**

## ZOOM प्रयोग गरेर अनलाइन परामर्श लिन सकिन्छ !

होमपेज बाट रिज़र्भेसन राख्नुहोला

परामर्श सेवाको समय ९ : ०० -१७ : ०० **(लंच ब्रेकको बेला पनि सेवा उपलब्ध छ)**

परामर्श सेवाको प्रत्यक्ष फोन नं. 044-455-8811

सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको दिन पनि अनुबाद फोनबाट परामर्श गर्नेछौं।

*ओन्लाइन परामर्शको लागि निबेदन*

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

*खावासाकी अन्तर्राष्ट्रिय केन्द्र होमपेज*

***प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा** (जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने)

मिति र समय : २०२३ साल जून १८ (आइत) १४ : ०० ～ १६ : ०० , जुलाई ९ (आइत) १० : ०० ～ १६ : ३०

स्थान :  खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा